# आर्थिक वर्ष २०७८।०७९ को वजेट वक्तव्य

## आदरणीय सभाध्यक्षज्यू,गाउँसभा सदस्यज्यूहरु

**१)** संघीयताको कार्यान्वयनसंगै स्थापना भएको यस गाउँपालिकाको लागि आर्थिक वर्ष २०७८।०७९को वजेट यस सभा समक्ष पेश गर्न पाउदा अत्यन्त हर्षित भएको छु । आम नागरिकको इच्छा आकांक्षालाई पुरा गर्ने सन्दर्भमा गाउँपालिकाको समग्र विकासको खाका, नेतृत्वको सोच र प्रतिवद्धतालाई योजनाबद्ध रुपमा पेश गर्न पाउदा गर्वित महशुस गरेको छु ।

**२)** संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माणको चरणसम्म आइपुग्दा घाइते तथा वेपता पारिएका परिवार र व्यक्ति प्रति सम्मान प्रकट गर्दै शहिदहरु प्रति श्रद्धान्जली अर्पण गर्दछु । यस गाउँपालिकाको समग्र परिवर्तनमा नेतृत्वदायी भूमिका खेल्नु हुने अग्रज व्यक्तित्वहरुले गर्नुभएको योगदानको स्मरण गर्दै उहाँहरुप्रति सम्मान गर्न चाहन्छु ।

**३)** **"समृद्ध र सुखि सुनापतिः कुषि पर्यटन हाम्रो सम्पति"** भन्ने दीर्घकालिन सोचका साथ कृषि, पशुपालन र पर्यटनको विकास एवम् विस्तारलाई मध्यनजर गरी यस आर्थिक वर्षमा समृद्ध र समाजवाद उन्मुख सुनापतिको आधारशिला निर्माण गर्नुको साथै आधारभूत स्वास्थ्य सेबा निशुल्क प्राप्त गर्ने नागरिकको हकको रुपमा यो वजेटलाई केन्द्रित गरिएको छ ।

**४)** गाउँपालिकाको समन्यायिक विकास, श्रोत साधनको समानुपातिक वितरण मार्फत गाउँपालिकाको सबै क्षेत्र वर्गको उत्थान मार्फत न्यायपूर्ण सुनापति समाजको निर्माण गर्ने गरी यो आर्थिक वर्षको बजेट तर्जुमा गरेको छु ।

**५)** आ.व.२०७८।०७९ को वजेट तर्जुमा गर्दा संविधान, नेपाल सरकार र प्रदेश सरकारको नीति, कानुन, निर्देशनहरु, पन्ध्रौ आवधिक योजना, वागमती प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य(Suttainable Development Goal) विषयगत समितिबाट भएका निर्णय, निर्देशन तथा गाउँसभा सदस्यज्यूहरुले प्रदान गर्नुभएको सुझाव समेतलाइ आत्मसात गरी तर्जुमा गरेको छु । यस बाहेक गाउँपालिकामा क्रियाशिल राजनितिक दल, बुद्धिजिवि, नागरिक समाज,संघ संस्थाहरुले दिनु भएको सुझावहरुलाई समेत वजेट निर्माणको आधार मानिएको छ ।

## अव म यस गाउँपालिकाको केही आर्थिक सामाजिक विश्लेषण प्रस्तुत गर्न गइरहेको छु ।

**६)** करिव २७००० जनसंख्या भएको यस गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्ने माध्यम भनेको कृषि पशुपालन र पर्यटन नै रहेको छ । कुल क्षेत्रफल **८६.९८** वर्ग किमि रहेको यस गाउँपालिकाको **साक्षरता दर करिब ७५%** रहेको छ । व्यवसायिक र बजारकेन्द्रित आर्थिक गतिविधि न्यून भएता पनि प्राकृतिक श्रोतको प्रचुरता, भौगोलिक एबम् सास्कृतिक विविधताको कारण विकासको लागि असीमित सम्भावना रहेको छ ।

**७)** लामो समयसम्म यातायातको सहज पहुँच नभएको अवस्थालाई मध्यनजर गर्ने हो भने हामी निर्वाचित भएपश्चात सडक पूर्वाधारलाई जोड दिदै गरिएको योजना कार्यक्रमको कार्यान्वयनबाट बाह्रै महिना यातायात चल्न सक्ने गरी करिब **१०० किमि** सडक निर्माण भइसकेको छ भने करिब **२७६**

**किमि** सडक (ट्याक ओपन) निर्माण भइसकेको छ । अवको वजेट सडक स्तरोन्नती तर्फ मात्र केन्द्रीत रहेको छ ।

**८)** उज्यालो सुनापति अभियान सञ्चालन गरी गाउँपालिका भित्रका सबै घरपरिवारमा पुग्ने गरि विद्युतीकरणको काम सम्पन्न भइसकेको छ । साथै **उज्यालो सडक अभियान** अन्तर्गत सोलार सडक बत्ति जडान कार्य प्रारम्भ भई आवश्यक स्थानहरुमा विस्तार गरिने योजना रहेको छ ।

**९)** सिचाँइ हुने जमिन करिव **५५६.५ हे.** रहेको यस क्षेत्रमा व्यवसायिक कृषि पशुपालनमा लाग्ने व्यक्ति, घरपरिवारको सँख्या न्यून रहेकोमा यस आर्थिक वर्षमा प्रोत्साहनका प्याकेज वृद्धि गरिएको छ । न्यून आन्तरिक आय भएको यस गाउँपालिका क्षेत्रमा उद्योग व्यवसाय पसल संख्या क्रमशः वृद्धि हुदै गएको छ । आर्थिक गतिविधि न्यून भएकै कारण आ.व. २०७५/०७६ मा आन्तरिक आय २,५६,००० मात्र रहेकोमा आ.व. ०७६।०७७ मा आन्तरिक आय ३०,००,०००।-प्रक्षेपण गरिएकोमा लक्ष्य अनुसार राजस्व उठ्न नसकी करिब १०,००,००।-(दश लाख)मा मात्र सीमित भएको छ आ.व. २०७७/७८मा ३०,००,००।-प्रक्षेपण गरिएकोमा प्रक्षेपित राजश्व भन्दा कम रु १०,००,००।-(दश लाख) उठेको छ । स्वरोजगार हुने तथा उद्योग गर्ने उत्साह जनताहरुमा बढी व्यवसाय दर्ताको संख्या हाल सम्म **२७२ (दुई सय वहत्तर)** पुगेको छ । सहकारी संस्थाको संख्या हालसम्म **४६** पुगेको छ । स्थानीय स्तरको सरकारी कारोवार गर्ने वैंकले सेवा विस्तार गर्दै जाने चासो देखाएको छ ।

**१०**) यस आर्थिक वर्षको राजश्व र व्यय पेश भएको वजेटले प्रस्ताव गरे अनुसारका योजना तथा कार्यक्रमहरु अपेक्षित गतिमा कार्यन्वयन गर्न सकिएन । विश्वव्यापी महामारीको रुपमा कोभिड-१९ (कोरोना भाइरसको दास्रो भेरियन्ट)फैलिएकोले योजना र वजेट कार्यन्वयनको पाटो सन्तोषजनक मात्र रह्यो ।

११) यस गाउँपालिकामा हालसम्म २२२ जना बेरोजगार व्यक्तिहरु सूचीकृत भएको छन । बजेट बेरोगार ब्यक्तिहरुको रोजगारीलाई समेत मध्यनजर गरी बजेटको व्यवस्था गरिएको छ ।

१२) सुनापति गाउँपालिकाको वडा नं ४ बेथानमा कुल जनसंख्याको करिव २७ % रहेको र अन्य वडाहरुको तुलनामा बढि जनसंख्या रहेको हुदाँ प्रभावकारी रुपमा सेबा प्रवाह गर्न र सन्तुलित बिकास गर्न हाल कायम वडा नं ४ बेथानलाई वडा बिभाजन गर्न समेत बजेट उन्मुख रहेको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**
**आदरणीय सभासदस्यज्यूहरु,**

**११)** अव म आर्थिक वर्ष २०७८।०७९ को वजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । वजेटका उद्धेश्यहरु निम्नानुसार रहेका छन् ।

**क)** सवै प्रकारका महामारी, प्रकोप र विपद्बाट गाउँबासीको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने ।

**ख)** उपलब्ध स्रोत साधन, अवसर र क्षमताको महत्तम परिचालन गरी पालिकाको भौगोलिक धरातल र भूस्वरुपमा आधारित यर्थाथपरक आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने ।

**ग)** सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत उत्थानशील एंव समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्दै जाने ।

**घ)** स्वस्थ्य र सभ्य संस्कृतिका विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने ।

**१२)** वजेटका उपरोक्त उद्धेश्यहरु हासिल गर्न मैले देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

**क)** कोभिड-१९ लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट गाउँबासीलाई सुरक्षित राख्न र गुणस्तरीय सार्वजनिक स्वास्थ्य सेवा सर्वसुलभ बनाउन र स्वास्थ्य सेवाको क्षमता विस्तार, स्तरोन्नती र स्वास्थ्य जनशक्तिको विकास गर्ने ।

**ख)** कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमबाट टुटेको उत्पादन र आपूर्ति श्रृङ्खलालाई पुनर्स्थापना गर्दै चलायमान आर्थिक क्रियाकलापलाई प्रोत्साहन गर्न कृषि, पशुपालन र पर्यटन क्षेत्रलाई विशेष प्राथमिकता दिने ।

**ग)** गाउँबासीका लागि काम र रोजगारीको अवसर,खाद्य सुरक्षा र सामाजिक संरक्षण गर्ने ।

**घ)** विकासको शीघ्र प्रतिफल प्राप्त हुने र आगामी वर्ष भित्र सम्पन्न हुने अधुरा आयोजना कार्यन्वयन गर्ने ।

**ङ)** गुणस्तरीय र जीवनोपयोगी शिक्षा, सुचना प्रविधिको विस्तार, हरितवृद्धि सुहाउँदो भौतिक पूर्वाधार, आधारभूत खानेपानी तथा सिंचाई लगायत समष्टिगत कृषि क्षेत्रको विकास गर्ने ।

**च)** गुणस्तरीय तथा पहुँचयुक्त सार्वजानिक सेवा प्रवाह र सुशासनलाई सुदृढीकरण गर्ने ।

**१३)** अव म आ.व.२०७८।०७९ को बजेटका क्षेत्रगत कार्यकम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु । आगामी आर्थिक वर्षको क्षेत्रगत रुपमा वजेट विनियोजन गर्दा शीघ्र आर्थिक पुनर्उत्थान हुने, छिटो प्रतिफल प्राप्त गर्न सकिने, आगामी वर्ष भित्रै सम्पन्न हुने योजनाको सुनिश्चितता गर्न सामाजिक सेबामा जोड दिने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा सार्वजनिक निजी सहकारी र सामुदायिक क्षेत्रसंगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमहरुमा जोड दिएको छु । साथै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को रोकथामको लागि विशेष प्राथमिकता दिएकोछु ।

**१४) आर्थिक विकास क्षेत्र**

**<u>कृषि ,पशु र सहकारी</u>**

- ❖ कृषि क्षेत्रलाई समृद्ध र सुखि सुनापति निर्माण गर्ने सम्वाहकको रुपमा लिई आर्थिक क्षेत्रको विकासको लागि **दुई करोड पचास लाख** विनियोजन गरेको छु ।
- ❖ प्रत्येक वडालाई छुटुटा छट्टै **कृषि र पशु** ब्लकको रुपमा विकास गरी अनुदान र साझेदारीमा कृषि र पशुका कार्यक्रम संचालन हुने व्यवस्था मिलाएको छु ।
- ❖ योगदान र कार्यविधिमा आधारित कृषि र पशु ब्लक कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- कृषिलाई आधुनिक र व्यवसायीक बनाउदैं कृषिको विकास र विस्तार गर्न अनुदान र साझेदारीमा कार्यक्रम संचालन गर्ने गरी आवश्यक बजेट विनियोजन गरेको छु ।
- साना, घरेलु तथा लघुउद्यम कार्यक्रमलाई प्रोत्साहन गर्न महिला उद्यमीहरुको नाममा गाँउपालिकामा दर्ता गर्न लाग्ने कर तथा शूल्कमा **तीस प्रतिशत** सम्म छुट दिने व्यवस्था मिलाएको छु ।
- बेरोजगार युवाहरुको लागि लक्षित गरी बाझो जमिन उपयोग गर्न अनुदानमा आधारित कृषि र पशु विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- यस पालिकालाई कृषिमा आधारित पर्यटन विकासका लागि चियाखेति प्रबर्द्धनको सगँसगै आलु खेति विस्तारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- यस पालिकालाई अर्गानिक तरकारीमा आत्मनिर्भर गर्नको लागि एक घर एक करेसाबारी निर्माणलाई अभियानको रुपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- साना किसानहरुलाई व्यवसायिकरण गर्न गाई भैसि र बंगुरपालनको लागि अनुदानमा आधाररित बजेट व्यवस्था गरेको छु ।
- किसानहरुको खेतबारीको उर्भरा शक्ति, माटो जानकारी तथा उपचारका लागि माटो परीक्षण कार्यक्रम सञ्चालनको लागि आबश्यक वजेटको व्यवस्था गरेको छु ।
- भूमि बैंक स्थापनाका लागि आवश्यक वजेट विनियोजन गरेको छु । कृषिलाई आधुनिकीकरण, यान्त्रीकिकरण, प्राङ्गरीकीकरण र औद्योगीकीकरण गर्नका लागि नवीनतम् र मौलिक कार्यक्रमका लागि वजेट छुट्याएको छु ।
- उत्पादनका लागि नर्सरी, चिया विकास योजना, सिताके च्याउ खेति प्रोत्साहन, रैथाने विउ उत्पादन, बेमौसमी खेति सिचांइका लागि प्सास्टिक पोखरी वितरण ,कृषि र पशु विमा, पशु स्वास्थ्य घुम्ती शिविर, कृषि उपजको मूल्य अभिवृद्धि लगायतका कार्यक्रमहरुका लागि वजेट विनियोजन गरी कृषि क्षेत्रको विकास वितरणमुखी भन्दा आयआर्जन उत्पेरित हुने गरी तर्जुमा गरेको छु ।

**१५)सामाजिक विकास क्षेत्र**

- सामाजिक क्षेत्रको विकासका लागि **दुई करोड पचहत्तर लाख** छुट्टयाएको छु ।
- यस पालिका भित्रका नागरिहरुको परिवार स्वास्थ्य विमा कार्यक्रम र एकल पुरुष भत्ताका लागि **१ करोड विनियोजन** गरेको छु ।
- आधारभूत स्वास्थ्य सेवालाई यस गाउँपालिकाको सबै नागरिकहरुको पहुँचमा पुर्‍याउन जनसंख्या, भौगोलिकता र स्वास्थ्य सेवाको उपलब्धतालाई स्तरोन्नती गरिदै लगिनेछ ।
- दीर्घरोगी, असाध्य रोग, क्यान्सर र मिर्गौला रोगीहरुलाई उपलब्ध गराउदै आएको राहत कार्यकमलाई निरन्तरता दिएको छु । स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली र आपूति व्यवस्थापन सूचना प्रणालीका लागि वजेट छुट्याएको छु ।
- निजी क्षेत्रका स्वास्थ्य संस्था संग समन्वय र साझेदारी गरी विशेषज्ञ चिकित्स सेवा उपलब्ध गराउन वजेट विनियोजन गरेको छु ।

- प्रस्तुती सेवा तथा वर्थिङ सेन्टरको संस्थागत विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य प्रयोगशाला र कर्मचारी व्यवस्थापनका लागि १० लाख विनियोजन गरेको छु ।
- अध्यक्षसगँ जेष्ठ नागरिक र उपाध्यक्षसगँ सुत्केरीको लागि पोषण कार्याक्रममा बजेट विनियोजन गरेको छु ।
- गाउँ शिक्षा योजना तर्जुमा गरी गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र स्थानीय पाठ्यक्रम समेत लेखनका लागि वजेट व्यवस्थापन गरेको छु ।
- बालबालिकाहरुको लागि शैक्षिक सामाग्री व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- विपन्न र जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्ति प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- गुन्सी र बेथान स्वास्थ्य चौकीमा आकस्मिक स्वास्थ्य सेबा सञ्चालन तथा व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु ।
- एक वडा एक Math Lab को लागि पाँच लाख वजेट व्यवस्था गरेको छु ।
- माझी/पहरी ह्योल्मो लगायतका लक्षित समुदायको उत्थान र विकास गर्न वजेट विनियोजन गरेको छु ।
- दलितहरुको पराम्परागत सीप र कलाको संरक्षण र प्रबर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- महिला लक्षित स्वास्थ्य शिविर सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- सुनापति गाउँपालिकामा भएका सबैभन्दा जेष्ठ महिला र पुरुषलाई **सुनापति ज्येष्ठ माता र ज्येष्ठ पिता** को उपमाद्धारा सम्मान गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- दलित/अपाँग/जेष्ठ नागरिक/आदिबासी जनजाति समुदाय **लक्षित कार्यक्म** सञ्चालन गर्नको लागि आवश्यक वजेट बिनियोजन गरेको छु ।
- सहकारी संस्था सुदृढीकरण गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- असाहय महिला ,वालबालिका, बृद्ध लगायतका नागरिकहरुको लागि उद्धार र संरक्षको लागि बजेट बिनियोजन गरेको छु ।
- अपांगता भएका नागरिकले जग्गा खरिद गर्दा घरबाटो सिफारिशमा लाग्ने दस्तुरमा **तीस प्रतिशत** छुट दिने व्यवस्था मिलाएको छु । तर यस्तो छुट लिनका लागि अपांगता परिचयपत्र पेश गर्नुपर्नेछ ।
- खेलकुद विकास समितिलाई संस्थागत एवं कृयाशिल बनाई खेलकुदका गतिविधि र कृयाकलाप संचालन गर्ने गरी ३० लाख विनियोजन गरेको छु ।

**१६)पूर्वाधार विकास क्षेत्र**

- ❖ गाउँपालिकाको कार्यालय भवन, पालिकाका पाचँ वटै वडाको गौरवका योजना लगायतका क्षेत्रलाई प्राथमिकता दिदै पूर्वाधारजन्य विकासको लागि **रु.४ करोड ५० लाख** विनियोजन गरेको छु ।
- ❖ वडाबाट नै संचालन हुनसक्ने वडागत योजना तथा कार्यक्रमको लागी श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले निर्धारण गरे बमोजिम **रु. ४ करोड** वजेट विनियोजन गरेको छु । यसबाट वडाको समस्या र आवश्यकतासँग नजिक रही समष्टिगत विकास गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

- ❖ वडाबाट नै संचालन हुनसक्ने वडागत योजना तथा कार्यक्रमको लागी श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले निर्धारण गरे बमोजिम वजेट विनियोजन गरेको छु । यसबाट वडाको समस्या र आवश्यकतासँग नजिक रही समष्टिगत विकास गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।
- ❖ केन्द्र र प्रदेश सरकारको समपूरक कोषसँग साझेदारी गरी बृहत र ठुलास्तरका आयोजना कार्यक्रम संचालन गर्ने गरी समपुरक कोषमा बजेट विनियोजन गरेको छु ।
- ❖ स्थानीय आवश्यकता र मागलाई बिशेष मध्यनजर गरी समृद्ध सुनापति निर्माण गर्न आधार प्रदान गर्ने र बजेटका प्राथमिकता क्षेत्र भित्र पर्ने पालिका गौरवका आयोजना समेत समेट्ने गरी त्यस्ता योजना र कार्यक्रम सञ्चालन गर्ने प्रयोजनार्थ समपुरक कोषमा **रु.दुई करोड** विनियोजन गरेको छु । साथै अन्तर सरकारी वित्त हस्तान्तरणबाट थप प्राप्त हुन बाँकी रकम समेत समपुरक कोषमा जम्मा गरी वजेट व्यवस्थापन गर्ने प्रस्ताव गरेको छु ।
- ❖ एक घर एक धारा खानेपानी कार्यक्रमकालाई निरन्तरता दिएको छु ।
- ❖ उज्यालो सडक अभियान अन्तर्गत सौर्य उर्जामा आधारित सौर्य सडक बत्ति जडानका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

**१७) विपद् तथा वातावरण व्यवस्थापन**

- ❖ कोभिड-१९ (कोरोना भाइरस) लगायत विपद व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाको विपद् व्यवस्थापनका लागि **रु. एक करोड** विनियोजन गरेको छु ।
- ❖ सरसफाई, वृक्षारोपण कार्यकमलाई प्राथमिकताका साथ सञ्चालन गरी विपद मैत्री **सुरक्षित र सुन्दर** सुनापति बनाउनको वजेट विनियोजन गरेको छु ।
- ❖ प्राकृतिक प्रकोप र आपतकालिन व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**१८) सुशासन र सेवा प्रवाह**

- ❖ **सेवाको वरिपरी जनता होइन जनताको वरिपरी सेबा** भन्ने मूल नारालाई अगिकार गर्दै गाँउपालिका, वडा कार्यालय तथा अन्य कार्यालयहरुबाट हुने सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाइनेछ ।

- ❖ सुशासन र संस्थागत विकासको लागि **रु ७५ लाख** विनियोजन गरेको छु ।
- ❖ गाउँपालिका बजार क्षेत्र भित्र सुरक्षा व्यवस्था निगरानीका लागि सिसि क्यामेरा जडान गर्न **रु १० लाख** विनियोजन गरेको छु ।
- ❖ इन्टरनेट सेवाको पहुचमा बृद्धि गर्न रु १० लाख विनियोजन गरेको छु ।
- ❖ समुदाय, प्रहरी र गाउँपालिकाविच साझेदारी गरी शान्ति सुरक्षालाई सुदृढ र प्रभावकारी बनाउन साथै सुरक्षा चौकीको समेत व्यवस्थापन गर्न सहज हुने गरी आवश्यक बजेट विनियोजन गरेको छु ।
- ❖ गाउँपालिकामा करार तथा ज्यालादारीमा कार्यरत कार्यालय सहयोगी कर्मचारीहरुको कार्यसम्पादनका आधारमा निरन्तरता दिने व्यवस्था गरेको छु ।

**१९)कर राजश्व परिचालन तथा छुट र सहुलियत सम्बन्धि व्यवस्था**

- ❖ **जनताको घर आँगन : कर संकलन अभियान**सञ्चालन गरीप्रत्येक टोल बस्तीसम्म राजश्व सचेतना कार्यक्रम संचालन गरी घुम्ति सिविर, कर संकलन टोलिको व्यवस्था गरि राजश्व संकलन कार्यलाइ प्रभावकारी वनाउन साथै राजश्व परामर्श समितिको संस्थागत सुदृढिकरण गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
- ❖ महिलाले आफ्नो नाममा गाउँपालिकामा प्रचलित कानून बमोजिम दर्ता गर्ने उद्योगमा पचास प्रतिशत, व्यापार व्यवसायहरूको दर्तामा तीस प्रतिशत छुट दिइने व्यवस्था गरेको छु । तर, बक्यौता तिर्नुपर्ने अवस्थामा उल्लेखित सुविधा प्रदान गरिने छैन ।
- ❖ अपांगता भएका नागरिकहरूलाई गाउँपालिकाले जुनसुकै प्रकारका सिफारिश गर्दा वा व्यवसाय दर्ता वा नविकरण गर्दा लाग्ने राजस्वमा पचास प्रतिशत छुट दिइने व्यवस्था गरेको छु ।
- ❖ २०६२/०६३ भन्दा अघिको समयको लागि लाग्ने भुमिकरमा केही सहुलियतको व्यवस्था मिलाइएको छ ।
- ❖ अगामी आर्थिक वर्षको शरुदेखि नै कर तथा शुल्कको संकलनलाई पारदर्शि र पद्धतिगत बनाउन ट्याकिङ गर्ने प्रणालीलाई निरन्तरता दिएको छु ।
- ❖ सार्वजानिक स्थानको फोहोरमैला व्यवस्थापन लगायतका कार्यक्रमका लागि वजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू**

**आदरणीय सभासदस्यज्यूहरु**

**२०) अव म २०७८।०७९ का अनुमानित आय व्यय प्रस्तुत गर्न गईरहेको छु ।**

- ❖ आर्थीक वर्ष २०७८।०७९ मा नीति,योजना कार्यक्रम कार्यान्वयन गर्न कुल आयव्यय **रु ५२ करोड २९ लाख ८२ हजार** को अनुमानित प्रस्ताव गरिएको छ ।
- ❖ कुल प्रस्तावित आय रकममा समानीकरण अनुदानतर्फ **१२ करोड ५३ लाख ७७ हजार**,सशर्त अनुदान तर्फ **२० करोड ८३ लाख ५५ हजार,** राजस्व बाँडफाँड(संघ)तर्फ **६ करोड १० लाख**

**५१ हजार** सामाजिक सुरक्षातर्फ **७ करोड ५० लाख** सवारी साधन कर बाँडफाँडबाट **१ करोड ५९ लाख ९२ हजार,** आन्तरिक आय **रु. ३० लाख**, श्रोत बाँडफाँडमा **२ लाख ५० हजार**, बाँकी मौज्दात **रु १ करोड** हुने प्रक्षेपण गरिएको छ ।

२१) कुल विनियोजन रकममा चालु खर्चतर्फ **रु ६ करोड १० लाख २० हजार**, आर्थिक विकास तर्फ रु.**२ करोड पचास लाख**, भौतिक पूर्वाधारतर्फ **४ करोड ५० लाख**, सामाजिक विकास तर्फ **२ करोड ७५ लाख**, विपद् व्यवस्थापन तर्फ १ करोड , सुशासन र संस्थागत विकास तथा सेवा प्रवाहतर्फ **७५ लाख**, समपुरक कोषमा **२ करोड १७ लाख** , वडागत योजना र कार्यक्रमका लागि **रु ४ करोड** खर्च हुने प्रक्षेपण गरिएको छ ।

२२) सामाजिक सुरक्षातर्फ **७ करोड पचास लाख** खर्च हुने अनुमान गरिएको छ । साथै संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त कार्यक्रमतर्फ **रु. २० करोड ८३ लाख ५५ हजार** रहेको छ ।

**वजेट कार्यान्वयन वित्तीय अनुशासन :**

२३. तथ्य र प्रमाणमा आधारित अनुगमन तथा मूल्यांकन प्रणालीको उपयोग गरी प्राप्त पृष्ठपोषणबाट विषयगत शाखाहरुको संस्थागत क्षमता विकास गर्नुका साथै मितव्ययी र पारदर्शी रुपमा सार्वजनिक स्रोत साधनको प्रतिफल प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

२४ वजेट निर्माणमा समग्र वित्तीय अनुशासन,विनियोजनमा दक्षता र कार्यन्वयनमा कुशलता कायम गरी खर्चमा मितव्ययिता अपनाउन विशेष जोड दिइनेछ ।

२५ जिम्मेवार पदाधिकारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानून बमोजिम खर्चको नतिजा प्रति जिम्मेवार बनाइनेछ ।

२६ वजेटमा प्रस्तुत भएका कार्यक्रमहरुको स्वीकृति पश्चात समयबद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको शुरु देखि नै योजना तथा कार्यक्रम कार्यन्वयन गर्ने व्यवस्थालाई सुदृढ बनाइने छ ।

अन्त्यमा,

यो बजेट तर्जुमा गर्न सहयोग पुरयाउनुहुने सम्पुर्ण सदस्यज्यूहरुमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्न चाहन्छु । बजेट तर्जुमा गर्ने कममा गहन राय सल्लाह सुझाव प्रदान गर्नुहुने राजनीतिक दल,संघ संस्था,सहकारी क्षेत्र,उद्योगी व्यवसायी,समाजसेवी,नागरिक समाज,कर्मचारी र आम सुनापति नागरीकबासीमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यो बजेटको कार्यान्वयनबाट समृद्ध र सुखी सुनापति निर्माण गर्न कोसेढुंगा सावित हुने विश्वास लिएको छु । बजेटमा उल्लेखित योजना कार्यकमको कार्यान्वयनबाट **समष्टिगत पूर्वाधारको विकास गरी समृद्ध र समाजबाद उन्मुख सुनापतिको आधारशिला निर्माण गर्ने** उद्धेश्य प्राप्त गर्नका लागि पर्याप्त रुपमा मार्गदर्शन गर्नेछ भन्ने विश्वास लिएको छु ।

गाउँपालिकाको हरप्रयास र कदममा साथ दिनुहुने सम्पूर्ण नागरिकप्रति आभारी हुदैं बजेट कार्यान्वयन गर्न सवैको सहयोग र साथ रहनेछ भन्ने विश्वासका साथ सम्पुर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । **धन्यवाद ।**